**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

United Nations Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति – २०६५ असार ४**

---

# उच्चायुक्तको कार्यालय-नेपालका प्रतिनिधिहरूद्वारा कपिलवस्तुमा २०६४ को भदौ, असोजमा भएको हिंसाबाट प्रभावित समुदायहरूसँग भेटघाट

उच्चायुक्तको कार्यालय-नेपालको संरक्षण शाखाकी प्रमुख जिलियन किट्ली तथा पश्चिमाञ्चल क्षेत्रीय कार्यालयकी प्रमुख ब्रिट्टा म्याड्सेनले १४ जनाको मृत्यु हुनेगरी २०६४ भदौ, असोजमा कपिलवस्तुमा भएको हिंसाबाट पीडित भएकाहरूको प्रतिनिधित्व गर्ने समूहहरूसँग बुधबार भेट गर्नुभयो। उक्त क्षेत्रमा उच्चायुक्तको कार्यालय-नेपालले गरिरहेका कार्यहरूको सिलसिलामा, उच्चायुक्तको कार्यालयका प्रतिनिधिहरूले चन्द्रौटा र खैरे गाउँको भ्रमण गर्नुभयो। उहाँहरूले कृष्णनगरबाट आएका प्रतिनिधिहरूसँग पनि भेट गर्नुभयो।

बुधबारको भेटवार्ता राष्ट्रिय मानवअधिकार रक्षक, राष्ट्रिय मानवअधिकार आयोग, संयुक्त राष्ट्रसङ्घीय निकाय तथा स्थानीय राज्यअधिकारीका प्रतिनिधिहरूसँग उच्चायुक्तको कार्यालयले मंगलबार तौलिहवामा गरेको छलफल पछि भएको हो। उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले आईतबार पश्चिमाञ्चल क्षेत्रका नेपाल प्रहरी (नेप्र) तथा सशस्त्र प्रहरी बल (सप्रब) का प्रहरी नायब महानिरीक्षकहरूसँग भेट गर्नुभयो।

यी सबै भेटवार्ताका क्रममा उच्चायुक्तको कार्यालयले हिंसाको यो तथा अघिल्ला घटनाहरूको अन्त्य तथा कपिलवस्तुमा मानवअधिकार प्रतिको पूर्ण सम्मान सुनिश्चित गर्नका निम्ति आफ्ना सिफारिसहरूबारे छलफल गर्‍यो। यिनमा चालु अनुसन्धानहरूको शीघ्र तथा विधिवत समाप्ति र भदौ, असोजमा भएका हिंसामा जिम्मेवार व्यक्तिहरूको अभियोजन, का साथै कानुनको पालना गराउने पर्याप्त उपायहरूको कार्यान्वयनका कुरा पर्छन्। समुदायहरूको सुरक्षा तब मात्र सुनिश्चित गर्न सकिन्छ जब सबै सरोकारवालाहरूले सहिष्णुताप्रतिको आफ्नो प्रतिबद्धता प्रदर्शन गर्छन् र राज्यअधिकारीहरूले जनताको आत्मविश्वास अभिवृद्धि गर्ने कार्यको नेतृत्व गर्छन्।

> “स्थानीय जनताको सुरक्षामा सुधार गर्न स्थानीय स्तरमा केही कदम चालिएको भए तापनि, राज्यअधिकारी तथा स्थानीय राजनीतिक नेताहरूले समुदायहरूको राज्यमाथिको विश्वास पुनर्स्थापना गर्न अझै धेरै कार्य गर्न जरूरी छ, र उनीहरूलाई कुनै राजनीतिक हस्तक्षेपबिना आफ्ना महत्वपूर्ण कार्य गर्न दिइनुपर्छ” बेनेटले भन्नुभयो। “दण्डहीनतालाई सम्बोधन नगरेसम्म र कानुनी शासनप्रतिको सम्मानको पुनर्स्थापना नभएसम्म, कपिलवस्तुमा हिंसा र दण्डहीनताको चक्र तोड्न कठिन हुनेछ।”

उच्चायुक्तको कार्यालयको प्रतिवेदनमा भएका अन्य सिफारिसहरूमा केही देहायका छन्:

- हिंसाको अनुसन्धान गर्न स्थापित न्यायिक आयोगका मुख्य निष्कर्षहरू सार्वजनिक गरिनुपर्छ तथा यसका सिफारिसहरू कार्यान्वयन गरिनुपर्छ;
- सार्वजनिक सुरक्षाका चुनौतीहरूको रोकथाम तथा तिनलाई सम्बोधन गर्न गरिएका सुधारहरूले संरचनागत, नीतिगत, कानुनी, कार्यात्मक तथा तालिमसम्बन्धी मुद्दाहरूलाई सम्बोधन गर्नुपर्छ;
- पीडित तथा आन्तरिकरूपमा विस्थापित व्यक्तिहरू (आईडीपी)का प्रतिनिधिहरूलाई तिनीहरूको अवस्था, पुनर्बास तथा क्षतिपूर्तिसमेतको सम्बोधन गर्ने सबै जिल्लास्तरिय निर्णय प्रक्रियाहरूमा समावेश गराउनुपर्छ;
- नेप्र तथा सप्रबका अधिकृत दर्जामा महिला तथा सीमान्तकृत समुदायहरूको प्रतिनिधित्व सुनिश्चित गरेर ती

प्रहरी बलका विभिन्न तहका रिक्त पदहरू पूर्ति गर्दा महिला तथा सीमान्तकृत समुदायका सदस्यहरूलाई भर्ती गर्ने विद्यमान आरक्षण लागू गरिनुपर्छ, र;

- नेकपा (माओवादी) तथा प्रतिकार समितिका पूर्व सदस्यहरू दुवैद्वारा विगतमा गरिएका गम्भीर अपराधका लागि अभियोजन गरेर दण्डहीनतालाई सम्बोधन गरिनुपर्छ।

**For further information contact Marty Logan at OHCHR-Nepal:**
**Tel.: 428 0164 (Ext.321); Mobile 98510.16922 or mlogan@ohchr.org**